# गढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## समनपुर, रौतहट
### प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :-

मिति :- २०७८।०४।०१

**विषय :-आ.व. २०७७/०७८ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।**

**सूचना !** **सूचना !!** **सूचना !!!**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (आन्तरिक व्यवस्थापन शाखा) सिंहदरवार, काठमाण्डौंको प.सं. २०७७/०७८ च.नं. १३८३ मिति २०७८।०३।२७ को पत्रानुसार भ्रष्ट्राचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१), निजामती सेवा नियमावली, २०५० को नियम ११८ (१) बमोजिम प्रत्येक निजामती कर्मचारी, नेपाल राजपत्र, खण्ड ६८, अषाढ २० (अतिरिक्ताङ्क ११) भाग ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचनामा तोके बमोजिम र यस आ.व. मा सेवा निवृत भएका कर्मचारीले समेत आर्थिक वर्ष समाप्त भए पश्चात सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था भए बमोजिम देहायका सेवा समूहका कर्मचारीहरु/जनप्रतिनिधिहरुले देहाय बमोजिम सम्पत्ति विवरण बुझ्नु/बुझाउनु हुन नेपाल सरकार सरकार (सचिवस्तर) को मिति २०७८।०३।२७ को निर्णयानुसार अनुरोध भई आएको हुँदा सोही अनुसार सम्बन्धित सरोकारवालाहरु सबैले निर्धारित समयावधिभित्र आ.व. २०७७/०७८ को सम्पत्ति विवरण बुझाउनु हुन अनुरोध छ ।

**तपसिल :**

| सि. नं. | सम्पत्ति विवरण पेश गर्ने सेवा/समूह | सम्पत्ति विवरण पेश गर्ने निकाय | सम्पत्ति विरण पेश गर्नु पर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | संघीय निजामती सेवा तथा समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु | राष्ट्रिय किताबखाना (निजामती) | आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र | |
| २. | लोक सेवा आयोगको विज्ञापनबाट परिपूर्ति भई स्थानीय तह (गाउँपालिका र नगरपालिका) हरुमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरु | आर्थिक वर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरिसक्नुपर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |

२०७८/४/१

# गढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## समनपुर, रौतहट
### प्रदेश नं. २, नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. :-

मिति :- २०७८।०४।०१

| सि. नं. | सम्पत्ति विवरण पेश गर्ने सेवा/समूह | सम्पत्ति विवरण पेश गर्ने निकाय | सम्पत्ति विरण पेश गर्नु पर्ने समय | कैफियत |
|---|---|---|---|---|
| ३. | करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा | सम्बन्धित स्थानीय तहहरुमा आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र बुझाउने र बुझ्ने स्थानीय तहहरुले राष्ट्रिय सतर्कता केन्द्र सिंहदरवार, काठमाण्डौंले तोकेको ढाँचा/Link मा Entry गर्नुपर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |
| ४. | जनप्रतिनिधिहरुको हकमा | आर्थिक वर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरिसक्नुपर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |

२०७८/४/१
..........................
नागेन्द्र यादव
नि.प्रमुख प्रशासकीय अधिकृत